माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तीगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या: ३ मिति: २०७९/१०/१६

## भाग-२

## माडी गाउँपालिका

## माडी गाउँपालिकाको एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

*प्रमाणिकरण मिति : २०७९/१०/१६*

**१.प्रस्तावना:**-राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ ले निर्देशित गरे अनुसार उद्यमशिलता मार्फत सार्वजनिक शिक्षाको सवलीकरणका लागि शैक्षिक संस्था मार्फत एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले, माडी गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधी बनाईएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम " एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९" रहेको छ ।

(ख) यो कार्यविधि माडी गाउँपालिका क्षेत्र भित्र मात्र लागु हुनेछ ।

(ग) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**३.परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा:

(क) "एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम" भन्नाले माडी गाउँपालिका भित्रका प्राविधिक तथा व्यवसायीक धार शिक्षा लागू भएका वा नमूना सामुदायिक माध्यमिक विद्यालयहरुमा उद्यमशिलता विकाशका लागि सञ्चालित कार्यक्रमलाई सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले माडी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले माडी गाउँपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(घ)“मन्त्रालय” भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) “शैक्षिक संस्था” भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थालाई सम्झनुपर्छ।

(च) “विद्यार्थी उद्यमी क्लव” भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि गठन गरिएको विद्यार्थी उद्यम क्लवलाई सम्झनुपर्छ।

(छ) “उद्यम कोष” भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थामा उद्यम संचालनका लागि स्थापित कोषलाई सम्झनुपर्छ।

(ज) “उद्यमको सञ्चालक समिति” भन्नाले उद्यमको सञ्चालन गर्ने समितिलाई सम्झनुपर्छ।

(झ) “संरक्षक समिति” भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षणका लागि गठित समितिलाई सम्झनुपर्छ।

(ञ) “साझेदार संस्था” भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ।

(ट) “पूर्व विद्यार्थी मञ्च” भन्नाले विगतमा सम्बन्धित शैक्षिक संस्थामा अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठित भएको मञ्चलाई सम्झनुपर्छ।

(ठ) “विज्ञ” भन्नाले सम्बन्धित विषयमा ज्ञान, सीप, अनुभव र दक्षता भएका व्यतिलाई सम्झनुपर्छ।

(ड) “विद्यार्थी कल्याण कार्यक्रम” भन्नाले विद्यार्थीको शैक्षिक उपलब्धी वृद्धि गर्ने विद्यार्थी प्रोत्साहनका  कार्यक्रमहरुलाई सम्झनुपर्छ।

(ढ) “प्राविधिक तथा व्यवसायिक धार” भन्नाले विद्यालय तहमा कक्षा ९ देखि १२ प्राविधिक तथा व्यवसायीक शिक्षा लागू भएका विद्यालयलाई सम्झनुपर्छ।

(ण) “सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा” भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट स्वीकृत लिई सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयलाई सम्झनुपर्छ।

(त) “नमुना विद्यालय” भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट नमुना विकासका लागि छनौट गरेका विद्यालय साथै सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले छनोट गरेका सामुदायिक माध्यमिक विद्यालयलाई सम्झनुपर्छ।

**४.उद्देश्य** :एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रमुख उद्देश्य उद्यमशिलता मार्फत सार्वजनिक शिक्षाको सबलीकरण गर्नु हो भने अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छनः

(क) शैक्षिक संस्था मार्फत सामाजिक रुपान्तरण गर्ने ।
(ख) शैक्षिक संस्थालाई उद्यम गर्ने सिकाइ स्थलको रुपमा विकास गर्ने ।
(ग) सार्वजनिक शिक्षमा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशिलता विकास गरी शैक्षिक रुपान्तरण गर्ने ।
(घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्ने ।

**५.लक्षित शैक्षिक संस्था :**पालिकाभरीका प्राविधिक तथा व्यवसायिक धार शिक्षा लागू भएका वा नमूना सामुदायिक माध्यमिक विद्यालयहरु लक्षित शैक्षिक संस्था हुनेछन्।

**६.उद्यम क्षेत्र :**शैक्षिक संस्थाले उद्यम गर्न सकिने व्यवसायिक क्षेत्रहरु देहाय बमोजिम रहेका छन्:
(क) कृषि तथा पशुपंक्षीमा आधारित उद्यम व्यवसाय,
(ख) वन (जडीबुटी, वनपैदावार) मा आधारित उद्यम व्यवसाय,
(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,
(घ) पर्यटन प्रवर्द्धन (होटल, होमस्टे, रिसोर्ट)मा आधारित उद्यम व्यवसाय,
(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,
(च) कलामा आधारित उद्यम व्यवसाय,
(छ) संस्कृति, साहित्य सिर्जना, गीत संगीतमा आधारित भइ गरिने उद्यम व्यवसाय,
(ज) विद्यालयले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम व्यवसाय ।

**७. विद्यार्थी उद्यमी क्लव:** १. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू गरिएका विद्यालयमा कक्षा ९, १०, ११ र १२ कक्षामा अध्ययनरत छात्र तथा छात्रा तर्फको प्रथम विद्यार्थी तथा विद्यालयले तोकेको अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लव रहनेछ ।
२. विद्यार्थी उद्यमी क्लवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालन, रेखदेख र व्यवस्थापन,
(ख) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनको लागि सरोकारवालाहरुसंग सहकार्य, समन्वय र साझेदारी गर्ने,
(ग) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनोट गर्ने,
(घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको कार्य योजना बनाई लागू गर्ने,
(ङ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अद्यावधिक गर्ने,

(च) कम्तीमा वर्षको २ पटक अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखीकरण गर्ने,

(छ) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशिलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने।

**८. उद्यम कोषको सञ्चालन:** १. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थामा उद्यम सञ्चालनका लागि स्थापित उद्यम कोष रहनेछ । उक्त कोष सञ्चालनका लागि देहाय बमोजिम उद्यम कोष सञ्चालन समिति रहनेछः

(क) विद्यालयको प्रधानाध्यापक - अध्यक्ष

(ख) उद्यमी विद्यार्थी क्लवका अध्यक्ष - सदस्य

(ग) विद्यालयको लेखा हेर्ने कर्मचारी - सदस्य सचिव

२. उद्यम कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) उद्यमको सञ्चालन, रकम परिचालन र लेखाङ्कन गर्ने,

(ख) उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याण कार्यक्रम गर्न ५० प्रतिशतमा नबढ्ने गरी रकम निकासा गर्ने,

(ग) उद्यम कोषको विस्तार, संरक्षण र संबर्द्धन गर्ने,

(घ) अन्य आवश्यक कामहरु गर्ने गराउने ।

३. उद्यम कोषमा देहाय बमोजिमको रकम जम्मा गर्नु पर्नेछः

(क) शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीका अभिभावकहरुबाट उद्यम गर्न वार्षिक रुपमा संकलित रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ग) उद्यमबाट प्राप्त आम्दानी,

(घ) पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रुपमा प्राप्त रकम,

(ङ) सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम,

(च) अन्य व्यक्ति संघसंस्थाबाट अनुदान स्वरुप प्राप्त,

४. उद्यम कोषबाट देहाय अनुसार खर्च गर्न सकिनेछः

(क) उद्यम कोषको सम्पूर्ण आम्दानी उद्यम सञ्चालन, विस्तार तथा प्रवर्द्धनमा खर्च गर्नु पर्नेछ,

(ख) उद्यम काषको आम्दानीको ५० प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याणका कार्यक्रममा खर्च गर्न सकिनेछ,

**९. संरक्षक समितिको गठन:** १. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षकका रुपमा देहाय बमोजिमको एक संरक्षक समिति रहनेछः

(क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष - अध्यक्ष

(ख) विद्यालय रहेको वडाको अध्यक्ष - सदस्य

(ग) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२. संरक्षक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमूखिकरण गरी उद्यम कोषमा रकम जुटाउने,

(ख) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने,

(ग) विद्यार्थी उद्यमी क्लवलाई उद्यम सञ्चालनको लागि सबै प्रकारको सहजीकरण, क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने गराउने,

(घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको समग्र अनुगमन, मूल्याङ्कन तथा उद्यम प्रोफाइल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउन ।

**१०. शैक्षिक संस्था छनोटका आधारहरु:** १. दफा ६ मा उल्लेखित उद्यम क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा उद्यम गर्न इच्छुक शैक्षिक संस्थालाई उद्यम सञ्चालन गर्नका लागि छनोटका आधारहरु तय गरिनेछ ।

**११. सूचना प्रकाशनः** १. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा सहभागिका लागि गाउँपालिकाको कार्यालयबाट इच्छुक शैक्षिक संस्थाहरुको जानकारीको लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिनेछ,

२. उपदफा १ बमोजिम सूचना प्रकाशित भएपछि एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरुले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमको ढाँचामा उद्यमको व्यवसायिक परियोजना प्रस्ताव पेश गर्नु पर्नेछ,

३. शैक्षिक संस्था छनोट समितिले माडी गाउँपालिकाको कार्यालयमा प्राप्त भएका प्रस्ताव र व्यवसायिक योजना मूल्याङ्कन गरी छनोट गर्न सम्बन्धित क्षेत्रको विज्ञ समेत रहने गरी कम्तीमा तीन सदस्यीय समिति मार्फत शैक्षिक संस्था छनोट गर्नु पर्नेछ,

४. शैक्षिक संस्था छनोट समितिले जिल्ला युवा समितिका अध्यक्षलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ,

५. शैक्षिक संस्था छनोट समितिको बैठक सम्बन्धी कार्यविधि र छनोट सम्बन्धी आवश्यक मापदण्ड सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ,

६. शैक्षिक संस्था छनोट समितिले प्राप्त उद्यम परियोजना प्रस्ताव उपर छानबिन तथा आवश्यकतानुसार विद्यालयहरुको स्थलगत अनुगमन समेत गर्न सक्नेछ ।

**१२. उद्यम सम्झौताः** १. शैक्षिक संस्था छनोट समितिबाट छनौट भएका शैक्षिक संस्था र गाउँपालिका बीच तोकिए बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गरिनेछ।

**१३. प्रतिवेदनः** १.शैक्षिक संस्थाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न गरेको सम्झौता भएको एक महिनाभित्र प्रारम्भिक प्रतिवेदन संबन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ त्यस पछि चौमासिक रुपमा वित्तीय तथा भौतिक प्रगति पठाउनु पर्नेछ ।

**१४. लेखा परीक्षणः** १. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा र छुट्टै राख्नु पर्नेछ,

२. उद्यमको आर्थिक कारोवारको लेखापरीक्षण शैक्षिक संस्थाले सूचीकृत गरेका दर्तावाला लेखापरीक्षकहरु मध्येबाट गराउनु पर्नेछ ।

३. लेखा परीक्षकको प्रतिवेदनलाई सामाजिक लेखापरीक्षण गरी सार्वजनिक गर्ने दायित्व सम्बन्धित शैक्षिक संस्थाको हुनेछ ।

**१५. अनुगमन तथा मूल्याङ्कनः** १. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको अनुगमन सम्बन्धी सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित स्थानीय तहबाट समेत गरिनेछ र यसको अभिलेख विद्यार्थी उद्यमी क्लवले राख्नु पर्नेछ ।

२. आवश्यकतानुसार केन्द्रीय र प्रदेश सरकार तथा सरोकारवाला पक्षबाट पनि कार्यक्रमको प्रभावकारीताका लागि अनुगमन, निरीक्षण र अध्ययन समेत गरी पृष्ठपोषण तथा सुझावहरु लिन सक्नेछ ।

**१६. पुरस्कारः** १.माडी गाउँपालिकाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउन निम्न सूचकका आधारमा उच्चतम् अङ्क हासिल गर्ने शैक्षिक संस्थालाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछः

(क) अधिकतम रोजगार सृजनाको अवश्था,

(ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग,

(ग) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापनमा पुऱ्याएको योगदान,

(घ) उत्पादन गरिएका सामग्रीहरुको गुणस्तर,

(ङ) उद्यम मार्फत नवप्रवर्तन तथा उद्यमशिलतता विकास,

(च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

(छ) उद्यम कोषमा भएको वृद्धिको अवस्था,

(ज) कार्ययोजनानुसार कार्य सम्पादन ।

**१७. दण्ड सजायः** १. एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा छनोट भएको शैक्षिक संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता शैक्षिक संस्थालाई गाउँपालिकाबाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागी गराइने छैन ।

२. शैक्षिक संस्थासंग सम्झौता भइ सकेपछि सम्झौतानुसार गुणस्तरीय कार्य सम्पन्न नगरिएमा तथा दिएको वजेट हिनामिना गरेमा उक्त शैक्षिक संस्थाबाट क्षतिपुर्ति समेत भराई कानुन बमोजिम आवश्यक कारवाही गरिनेछ ।

**१८. विविधः** यस कार्यविधि बमोजिम एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

**१९. निर्देशनको पालनाः** सङ्घ, प्रदेश र स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

**२०. कार्य ढाँचा संशोधन गर्न सक्ने**: आवश्यकतानुसार गाउँपालिकाबाट कार्य ढाँचा संशोधन गर्न सकिनेछ ।

**२१. बाधा अड्काउ फुकाउनेः** यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा गाउँकार्यपालिकाबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

## अनुसूची १

(दफा ११ उपदफा २ संग सम्बन्धित)

## एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरुको लागि निवेदनको ढाँचा

श्री अध्यक्ष ज्यु,
माडी गाउँपालिका
घर्तिगाउँ, रोल्पा ।

त्यस गाउँपालिकाबाट मिति..............................मा प्रकाशित सूचनानुसार हाम्रो विद्यालयमा एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमल सञ्चालन गर्ने इच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१. विद्यालयको नाम र ठेगाना:

२. प्राविधिक तथा व्यवसायिक धार शिक्षा भए विषय र नमुना विकासको लागि छनोट भएको भए मिति:

३. प्रधानाध्यापकको नाम र सम्पर्क नं.:

४. उद्यमी विद्यार्थी क्लवको अध्यक्षको नाम र सम्पर्क नं.:

५. उद्यम गर्न चाहेको व्यवसायिक क्षेत्र:

६. कक्षागत विद्यार्थी विवरण:

७. जग्गा सम्बन्धी विवरण:

(क) विद्यालयको नाममा रहेको:

(ख) विद्यालयको हक भोग प्राप्त:

(ग) वर्तमान उपयोगको अवश्था:

(घ) भौतिक पूर्वाधार सम्बन्धी विवरण:

(अ) कक्षा कोठाको संख्या:

(आ) कक्षा कोठा उपयोगको अवश्था:

(इ) प्रयोगशालाको अवश्था:

(ई) पानी विजुलीको उपलब्धता

(ङ) उपलब्ध अन्य साधन स्रोतको विवरण:

(च) उद्यम कोष सम्बन्धी विवरण:

(अ) कोष रहेको बैंकको नाम: (आ) खाता नम्बर:

(इ) कोष सञ्चालकहरुको नाम:

हस्ताक्षर

उद्यमी विद्यार्थी क्लव अध्यक्षको नाम:

प्रधानाध्यापकको नाम:

मिति: मिति:

## अनुसूची २
(दफा ११ उपदफा २ संग सम्बन्धित)
### व्यवसायिक परियोजना प्रस्तावको नमुना ढाँचा

| क्र. स. | विवरण | विवरणको विस्तृतीकरण |
|---|---|---|
| १ | उद्यमको नाम, संक्षिप्त परिचय र उद्देश्य | विद्यार्थी उद्यमी क्लवको नाम:<br>उद्यमको संक्षिप्त परिचय (उद्यमको नाम, पृष्ठभूमी):<br>उद्यमको उद्देश्य:<br>उद्यमबाट उत्पादन हुने वस्तुको नाम: |
| २ | उद्यम सञ्चालन हुने स्थान | प्रदेश....................जिल्ला............. ..........गा.पा ........................वडा नं.........टोल................................. |
| ३ | उद्यममा संलग्न हुने अनुमानित जनशक्ति | छात्र:<br>छात्रा:<br>जनशक्तिको प्राप्ती.........................................<br>(स्थानीय स्तर वा वाह्य) |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम:<br>स्रोत(स्थानीय स्तर वा वाह्य)....................................... |
| ५ | प्रयोग हुने मेसीनरी औजारको विवरण | नाम:<br>अनुमानित लागत:<br>स्रोत:(स्थानीय स्तर वा वाह्य)......................................... |
| ६ | उद्यमका लागि अनुमानित लागत | कूल रु....................................<br>चल पुँजी रु.............................................<br>अचल पुँजीको नाम:...........................................<br>आफ्नो लगानी:......................................<br>बाह्य लगानी......................................... |
| ७ | उत्पादित वस्तुको बजार क्षेत्र | ब्जारको नाम:<br>(स्थानीय, जिल्ला, प्रदेश, राष्ट्रिय) |

| | | |
|---|---|---|
| | | दुरीः<br>ढुवानी खर्चः<br>लक्षित ग्राहकहरुः<br>प्रतिस्प्रधाको अवश्थाः<br>बजार विकासको संभावनाः |
| ८ | रोजगारी पाउने विद्यार्थी अनुमानित संख्या (विद्यार्थी उद्यमी क्लव वाहेक) | छात्रः<br>छात्राः<br>अन्यः<br>जम्माः |
| ९ | उद्यम सञ्चालन गर्न आवश्यक प्राविधिक जनशक्तिको उपलब्धता | उपलब्ध रहेकोः<br>उपलब्ध नरहेकोः |
| १० | अन्य(प्राविधिक प्रयोग) | ................................................ |
| ११ | उद्यम कार्यान्वयन योजना | ................................................ |

आज्ञाले,
जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद २
## खेलकुद प्रशिक्षक छनौट समिति सम्बन्धी व्यवस्था

**(३) खेलकुद प्रशिक्षक छनौट समिति गठनः**

(३.१) यस गाउँपालिकामा खेलकुद प्रशिक्षक नियुक्तिका लागि प्रशिक्षक छनौट गरी सिफारिस गर्न देहायबमोजिमको खेलकुद प्रशिक्षक छनौट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रशासन शाखा प्रमुख - सदस्य

(ग) रोजगार सेवा केन्द्र प्रमुख - सदस्य

(घ) खेलकुद विशेषज्ञ १ जना - सदस्य

(घ) शिक्षा शाखा प्रमुख – सदस्य सचिव

**(नोटः आवश्यकता अनुसार अन्य विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।)**

(३.२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खुला प्रतिस्पर्धात्मक परीक्षाबाट प्रशिक्षक करारमा नियुक्ति गरी गाउँपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने ।

(ख)परीक्षा सञ्चालनका लागि आवश्यक सूचना प्रकाशन गर्ने, प्रश्नपत्रको निर्माण गर्ने, प्रश्नपत्रको गोपनियता कायम गर्ने, लिखित र मौखिक परीक्षा संचालन गर्ने, प्रश्नपत्र जाँचगर्ने र अन्तिम नतिजा प्रकाशित गर्ने ।

(ग) प्रशिक्षक भर्नाका लागि पाठ्यक्रम निर्धारण गर्ने ।

(घ) परीक्षा संचालनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने, व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने ।

(ङ) परीक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एंव त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने ।

(च) गाउँ कार्यपालिकासँग परीक्षा संचालनको सम्वन्धमा आवश्यक समन्वय गर्ने तथा गराउने ।

(छ) परीक्षा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।

(३.३) समितिको वैठक सम्वन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

(३.४) समितिमा रहेका सदस्यहरुको कार्यविभाजन समितिको बैठकले तोके अनुसार हुनेछ ।

## परिच्छेद ३
## खेलकुद प्रशिक्षक नियुक्ति सम्वन्धि व्यवस्था

**४. खेलकुद प्रशिक्षक सम्बन्धमाः**

क) एथ्लेटिक खेल विधातर्फ मुख्य प्रशिक्षक सहायक स्तर चौथो तह -१ प्रशिक्षक

ख) मार्सल आर्ट खेल विधातर्फ मुख्य प्रशिक्षक सहायक स्तर चौथो तह - १ प्रशिक्षक

५. प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्नेः परिच्छेद २ नियम ३ (१) बमोजिम गठित खेलकुद प्रशिक्षक छनौट समितिले कम्तिमा १५ दिनका सार्वजनिक सूचना प्रकासित गर्नु पर्नेछ ।

६.दरखास्त बुझाउनु पर्नेः प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले छनौट समितिवाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधि भित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

७.योग्यता सम्वन्धि व्यवस्था : खेलकुद प्रशिक्षकका लागि लिइने परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको मापदण्ड हुनेछ :

(क) SLC/SEE उत्तीर्ण गरेको ।

(ख) राष्ट्रिय खेलकुद परिषदबाट डोजाङ दर्ता प्रमाणपत्र हुनुपर्ने

(ग) राष्ट्रिय खेलकुद परिषद्बाट सेकेन्ड डन/थर्ड डन प्रमाणपत्र हुनुपर्ने ।

(घ) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

(ङ) सम्बन्धित खेल विधामा आधारभुत ज्ञान भएको हुनुपर्नेछ ।

(च) खेलकुद प्रशिक्षक भई कार्यक्रम संचालन गरेका प्रमाणपत्रहरु तथा अन्य अनुभव सम्बन्धी कागजात भएको हुनुपर्नेछ ।

(छ) रेफ्री गरेको प्रमाणपत्र हुनुपर्ने ।

(ज) स्थानीय उम्मेदवारलाई प्राथमिकता दिईने ।

**८. पाठ्यक्रम, परीक्षा प्रणाली, मुल्याङ्कन र छनौट प्रक्रिया :**

(क) खेलकुद प्रशिक्षकको लागि लिईने परीक्षाको कार्यक्रम, परीक्षापाठ प्रणाली, मुल्याङ्कन र छनौट प्रक्रिया खेलकुद प्रशिक्षक छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) लिखित तथा मौखिक परीक्षामा सफल उम्मेदवारलाई गाउँपालिकाले नियुक्ति दिनेछ ।

९. परीक्षाको किसिमः

(क) छोटो सूची

(ख) लिखित अंकभार ७० अंक

(ग) मौखिक ३० अंक

## परिच्छेद ४
## भत्ता र बिदा सम्वन्धि व्यवस्था

**१०. भत्ता सम्वन्धि व्यवस्था :**

(क) खेलखुद प्रशिक्षकलाई मासिक रुपमा तलब तथा भत्ता प्रदान गरिने छ ।

(ख) गाउँपालिकाको आयोजनामा संचालन गरिने खेलकुद कार्यक्रम संचालनार्थ भत्ता तथा अन्य सुविधाको व्यवस्था दिइने छैन तर माथि जुनसुकै कुरा लेखिएको भए तापनि संचालित खेलकुद कार्यक्रममा तोकिए बमोजिम सुविधा उपलब्ध गराइनेछ ।

**११.बिदा सम्वन्धि व्यवस्था** :

(क) खेलकुद प्रशिक्षकले एक वर्षमा ६ दिन क्या.वी.र ६ दिन पर्व विदा पाउने छ । उल्लेखित विदा संचित हुने छैन ।

## परिच्छेद ५
## प्रशिक्षकको काम कर्तव्य र अधिकार सम्वन्धि व्यवस्था

**१२. खेलकुद प्रशिक्षकको काम कर्तव्य र अधिकार देहाय वजोजिम हुनेछः**

(क) खेलकुद प्रशिक्षकको मुख्य काम यस माडी गाउँपालिका अन्तर्गत संचालन गरिने खेलकुदहरुको संचालनमा रेफ्रीको भूमिका रहनेछ ।

(ख) गाउँपालिकाले खेलकुदमा गर्ने लगानीलाई सदुपयोग गर्ने उद्देश्य राखी खेलकुद विकासको लागि निरन्तर प्रतिबद्ध रहनु पर्नेछ ।

(ग) विद्यालय तहमा रहेका खेलाडीहरुको सीप विकास तथा खेलकुद सम्बन्धी प्रशिक्षण गर्नुपर्नेछ ।

(घ) खेलकूदको स्तरमा बृद्धि गर्न समय-समयमा प्रशिक्षण गर्न प्रत्येक विद्यालयहरुमा गई खेलाडीहरुलाई प्रशिक्षण गर्नुपर्ने छ ।

(ङ) गाउँपालिकाबाट सहभागी हुने विद्यालयस्तरीय वा अन्य खेलकुदका सहभागीहरुको मुख्य प्रशिक्षक भई जिम्मेवारी वहन गर्नुपर्ने छ ।

(च) अनुशासित खेलाडी विकासको मुख्य लक्ष्य लिई कार्य गर्नुपर्ने छ ।

(छ) गाउँपालिकालाई खेलकुदको क्षेत्रमा पहिचान बनाउने कार्यतर्फ अग्रसर रहनुपर्ने छ ।

(ज) खेलकुद विकास समिति तथा गाउँपालिकालाई खेलकुद सम्बन्धी कुरामा सल्लाह दिने कार्य गर्नुपर्ने छ ।

(झ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(ञ) खेलकूद सम्बन्धी स्तर बढाउने उद्देश्यले खेलकुदमा सहभागी हुने युवा खेलाडीहरु र विद्यालयका विद्यार्थीहरुलाई सहयोग प्रदान गर्ने ।

(ट) खेलकुद विकासको लागि आवश्यकतानुसार सहयोग तथा सहजिकरण गर्ने

(ठ) खेलकुद विकासको लागि वडा तथा पालिमास्तरमा खेलकुद विकास समिति गठन गर्न सहजिकरण गर्ने

(ड) खेलकुद सम्बन्धी खेलाडीहरुलाई तालिम प्रदान गर्ने ।

(ढ) खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने तथा खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

ण) खेलकुदको विकास तथा खेलकुद सम्बन्धी खेलकुद विकास समितिहरु एवं गाउँपालिकालाई आवश्यक सल्लाह तथा पृष्ठपोषण गर्ने ।

(त) गाउँपालिका/खेलकुद विकास समितिले दिएका अन्य जिम्मेवारी तथा निर्देशनको पूर्ण पालना गर्ने र गराउने ।

थ) खेलकुद विकासको क्षेत्रमा गाउँपालिकाको साख उच्च कायम हुनेगरी कार्य गर्ने गराउने ।

**(१३) खेलकुद प्रशिक्षक सम्बन्धि अन्य व्यवस्थाः**

क) खेलकुद प्रशिक्षकका लागि गाउँपालिकाको कर्मचारी तेरीज (OD) तयार नहुन्जेल सम्म गाउँपालिकामा स्थायी दरबन्दी सिर्जना हुने छैन ।

ख) करारमा नियुक्त भएका प्रशिक्षकहरुको कार्य सन्तोषजनक नदेखिएमा कार्यालयले जुनसुकै समयमा पनि करार सम्झौता अन्त गर्न सक्ने छ ।

## परिच्छेद ६
## विविध

१४. **विविधः** यस कार्यविधिमा कुनै बाधा अड्काउ परेमा फुकाउने र संसोधन गर्ने अधिकार माडी गाउँ कार्यपालिकामा निहित रहने छ ।